# राष्ट्रिय जनगणना २०७८ मा आधारित
# नेपालमा लैङ्गिक गतिशीलता तथा नेपालमा अपाङ्गता भएका व्यक्तिहरु विषयक
# दुई ओटा विषयगत प्रतिवेदन सार्वजनीकरण सम्बन्धी प्रेस नोट

## १. राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ नेपालको जनगणना शृङ्खलामा बाह्रौं र नेपालको संविधान बमोजिमको सङ्घीय शासन प्रणालीपश्चात्को पहिलो हो। नेपालमा जनगणना वि.सं. १९६८ बाट सुरु भई लगभग प्रत्येक दश वर्षको अन्तरालमा सञ्चालन हुँदै आएको छ। जनगणनामा देशको निर्धारित सिमानाभित्र निश्चित समयमा अक्सर बसोबास गरिरहेका व्यक्ति तथा परिवारहरूको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू व्यवस्थित रूपमा सङ्कलन, प्रशोधन तथा विश्लेषणमार्फत् सान्दर्भिक सूचक तथा तथ्याङ्क प्रकाशन गर्ने गरिन्छ। राष्ट्रिय जनगणना २०७८ मा देशभित्र अक्सर बसोबास गर्ने हरेक व्यक्ति तथा परिवार कोही नछुट्ने र कोही नदोहोरिने सिद्धान्त अवलम्बन गरिनुका साथै सबै व्यक्तिको पूर्ण सहभागिता रहोस् भनी जनगणनाको नारा "**मेरो गणना- मेरो सहभागिता**" राखी पारिवारिक तथा व्यक्तिगत विवरणहरू सङ्कलन गरिएको थियो।

जनगणनाबाट प्राप्त नतिजाका तथ्याङ्कीय र विश्लेषणात्मक प्रतिवेदनहरू क्रमैसँग विभिन्न चरणहरूमा प्रकाशन गर्ने कार्यक्रम भैरहेको छ। यस क्रममा हालसम्म ६० भन्दा बढी तथ्याङ्कीय प्रतिवेदन र विषयगत प्रतिवेदनहरू प्रकाशन भैसकेका छन् भने केही विषयगत प्रतिवेदन निकट भविष्यमा नै प्रकाशनको क्रममा रहेका छन्।

## २. आज सार्वजनिक गरिएका विषयगत प्रतिवेदनहरू

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा आधारित देहायका दुईओटा विषयगत प्रतिवेदन आज सार्वजनिक गरिएको छः

- **नेपालमा लैङ्गिक गतिशीलता** *(Gender Dynamics in Nepal)*
- **नेपालमा अपाङ्गता भएका व्यक्तिहरू** *(Persons with Disabilities in Nepal)*

यी दुवै प्रतिवेदनले नेपालमा विद्यमान लैङ्गिक आयाम र समयसापेक्ष गतिशीलताका साथसाथै अपाङ्गतासँग जोडिएका सामाजिक तथा आर्थिक सवालहरूलाई तथ्यगत रूपमा उजागर गर्दै नीतिगत सुधारका सम्भावित क्षेत्रहरू पहिचान गरेका छन्।

## ३. विषयगत प्रतिवेदनबाट प्राप्त प्रमुख निष्कर्षहरूको सारसङ्क्षेप

### प्रतिवेदन १: नेपालमा लैङ्गिक गतिशीलता

*(Gender Dynamics in Nepal)*

यस प्रतिवेदनले जनसङ्ख्या संरचना, लैङ्गिक अनुपात, शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगारी, आर्थिक गतिविधि, सम्पत्तिमा पहुँच, वैवाहिक अवस्था तथा निर्णय प्रक्रियामा महिलाको सहभागितालगायतका बहुआयामिक पक्षलाई समेटी लैङ्गिक सवालको विद्यमान अवस्थालाई सघन विश्लेषण गरेको छ । यस प्रतिवेदनका प्रमुख प्राप्ति देहायानुसार रहेका छन्ः

- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा लैङ्गिक अनुपात प्रति १०० महिलामा ९६ पुरुष रहेको छ,जसले समग्र रूपमा महिलाको जनसङ्ख्यात्मक हिस्सा अधिक रहेको देखाउँछ । यद्यपि, यो अनुपात प्रदेश, उमेर समूह तथा सहरी—ग्रामीण क्षेत्रअनुसार उल्लेखनीय रूपमा फरक—फरक देखिएको छ ।
- पछिल्लो जनगणनाअनुसार नेपालमा विवाह, प्रजनन, मृत्यु र बसाइँसराइले लैङ्गिक गतिशीलतालाई प्रभावित गरेका छन् । महिलाको पहिलो विवाहको औसत उमेर २१.८ वर्ष र पुरुषको २५.५ वर्ष पुगेको भए पनि ८ प्रतिशत किशोरी अझै बालविवाहबाट प्रभावित छन् । दश वर्षमाथिका विधवा महिला ७ प्रतिशत र विधुर पुरुष २ प्रतिशत छन् । प्रजननदर प्रतिस्थापनदरभन्दा कम (१.९४) रहे पनि छोराप्रतिको चाहनाले सम्पन्न परिवारमा लैङ्गिक अनुपात असन्तुलित (१०० छोरीमा ११८ छोरा) देखिन्छ ।
- शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि असमानता अझै कायम छ। राष्ट्रिय साक्षरतादर वि.सं. २०४८ मा ४० प्रतिशत बाट वि.सं. २०७८ मा ७६ प्रतिशत पुगेको छ। नयाँ पुस्तामा साक्षरतादर शतप्रतिशत नजिक भए पनि ५० वर्षभन्दा माथिका महिलामध्ये ७७ प्रतिशत र पुरुषमा मात्र ४३ प्रतिशत निरक्षर छन्। मधेस र सुदूरपश्चिमका महिला, दलित तथा अल्पसङ्ख्यक समुदाय अझै पछाडि छन्।
- शिक्षा क्षेत्रमा पछिल्ला दशकहरूमा महिलाको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको भए तापनि उच्च शिक्षा, प्राविधिक र विज्ञान तथाप्रविधिसम्बन्धी विषयहरूमा महिलाको सहभागिता अझै सीमित रहेको छ । ग्रामीण क्षेत्र, गरिब तथा सामाजिक रूपमा सीमान्तकृत समुदायका महिलामा औसत अध्ययन वर्ष तुलनात्मक रूपमा कम रहेको देखिन्छ ।
- आर्थिक रूपमा सक्रिय जनसङ्ख्यामा महिलाको सहभागिता पुरुषको तुलनामा उल्लेखनीय रूपमा न्यून रहेको छ । महिलाको ठुलो हिस्सा घरेलु तथा अवैतनिक श्रममा संलग्न

रहेकाले उनीहरूको योगदान औपचारिक अर्थतन्त्रमा पर्याप्त रूपमा गणना हुन सकेको छैन ।

- काम गर्ने उमेर समूहमा ७३ प्रतिशत आर्थिक रूपमा सक्रिय छन् जसमा पुरुष ८० प्रतिशत र महिला ६७ प्रतिशत रहेका छन्। महिलाहरूको श्रम सहभागितामा वृद्धि भएको देखिन्छ तर उनीहरू प्रायः पारिश्रमिकविहीन घरधन्दा र कम महत्त्वका काममा केन्द्रित रहेका छन्। पुरुषहरूको बाह्य बसाईँसराइले पनि महिलाहरूको सहभागितामा भूमिका खेलेको छ।
- रोजगारीमा सिपगत र क्षेत्रगत असमानता स्पष्ट छः आर्थिक रूपमा सक्रियमध्ये ८४% न्यून सिपयुक्त पेसामा आबद्ध छन्, विशेषगरी कृषि क्षेत्रको उच्च सिपयुक्त काममा मात्र ८ प्रतिशत महिला र १३ प्रतिशत पुरुष सक्रिय छन्। महिलाको उद्योग र सेवा क्षेत्रमा न्यून प्रतिनिधित्व देखिन्छ । साथै, कमजोर रोजगार सुरक्षा र पारिश्रमिकविहीन हेरचाह मुख्य रूपमा महिलाहरूको आर्थिक निस्क्रियताको कारण बनेको छ।
- निर्णय प्रक्रियामा महिलाको सहभागिता बढ्दै गएको छ तर घरपरिवारको प्रमुख निर्णय, सम्पत्तिमा स्वामित्व र वित्तीय निर्णयमा पुरुषको प्रभुत्व कायम छ जसले गर्दा महिलाको आर्थिक सुरक्षा र दीर्घकालीन सशक्तीकरणमा अवरोध पुऱ्याएको छ।
- वैवाहिक अवस्था, कम उमेरमा विवाह, न्यून शिक्षा स्तर तथा भौगोलिक अवस्थाले महिलाको सामाजिक—आर्थिक सहभागितामा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ । विशेषगरी कम उमेरमै विवाह भएका महिलामाझ शिक्षामा निरन्तरता र रोजगारी तथा निर्णय प्रक्रियामा सहभागिता न्यून रहेको देखिएको छ ।
- प्रदेशगत रूपमा बागमती र गण्डकी प्रदेशमा लैङ्गिक सूचकहरू तुलनात्मक रूपमा सकारात्मक देखिए पनि मधेस र कर्णाली प्रदेशमा शिक्षा, स्वास्थ्य, श्रम सहभागिता तथा निर्णय प्रक्रियामा लैङ्गिक अन्तर अझै गहिरो रहेको तथ्य प्रतिवेदनले देखाएको छ ।

## प्रतिवेदन २ः नेपालमा अपाङ्गता भएका व्यक्तिहरू

*(Persons with Disabilities in Nepal)*

यस प्रतिवेदनले अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या, अपाङ्गताको प्रकार, शिक्षा, रोजगारी, स्वास्थ्य सेवा, सामाजिक समावेशिता तथा गरिबीसँगको सम्बन्धलाई बहुआयामिक रूपमा विश्लेषण गरेको छ । यस प्रतिवेदनका प्रमुख प्राप्ति देहायानुसार रहेका छन् ः

- जन्मजात वा पछि हुने शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियगत अशक्तताका कारण प्रभावित व्यक्तिहरू सामाजिक भेदभाव भोग्दै जीवनयापन गर्न बाध्य छन् र दीर्घकालीन स्वास्थ्य समस्या वा नसर्ने रोगले यस्तो व्यक्तिको सङ्ख्या बढाउँदैछ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल जनसङ्ख्याको करिब २.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । अपाङ्गताको दर उमेर बढ्दै जाँदा तीव्र रूपमा वृद्धि हुने प्रवृत्ति देखिन्छ ।
- सन् २००१ देखि WHO को कार्यमूलक अपाङ्गता र स्वास्थ्य वर्गीकरण तथा वासिंगटन ग्रुपका स्तरीय तथ्याङ्क सङ्कलन विधिले अपाङ्गताको मापन र विश्लेषणमा योगदान पुऱ्याएको छ। नेपालमा वि.सं. २०३९ देखि कानुन र संविधानमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, समानता, सामाजिक न्याय, शिक्षा र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिएको छ।
- तथ्याङ्कअनुसार नेपालमा अपाङ्गता पुरुषमा बढी छ । अपाङ्गताको पुरुष—महिला अनुपात ११८.५ रहेको छ। अपाङ्ग भएका भएका कुल ५,५९,१०९ परिवारमध्ये ३६.८ प्रतिशत परिवारमा पुरुष अपाङ्ग व्यक्तिहरू परिवारमुली छन् जबकि २६ प्रतिशत परिवारमा महिला अपाङ्ग व्यक्तिहरू परिवारमुली रहेका छन्। उमेरसँगै अपाङ्गताको दर क्रमशः बढ्दै जान्छ, विशेषगरी ६०—६४ वर्ष उमेर समूहदेखि उल्लेखनीय वृद्धि देखिन्छ जसले उमेरसँग सम्बन्धित स्वास्थ्य गिरावटलाई सङ्केत गर्दछ।
- तथ्याङ्कअनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिहरूमा शैक्षिक असमानता स्पष्ट देखिन्छ। करिब ५० प्रतिशत अपाङ्ग व्यक्तिहरू निरक्षर छन्, आधारभूत शिक्षा पूरा गर्ने २७ प्रतिशत, माध्यमिक शिक्षा १५.९ प्रतिशत र उच्च शिक्षा २.४ प्रतिशत मात्र पुगेका छन् जुन अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा निकै कम हो। विशेषगरी बौद्धिक अपाङ्गता भएका ७९.४ प्रतिशत र अटिजम भएका ६९.३ प्रतिशत व्यक्तिहरूले उपयुक्त शैक्षिक वातावरण नपाएका छन्, जसले समावेशी शिक्षा सुनिश्चित गर्ने चुनौतीलाई स्पष्ट पार्दछ।
- काम गर्ने उमेर समूह (१५—५९) मा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सहभागिता ६४.१ प्रतिशत रहेको छ, जुन अपाङ्गता नभएका व्यक्तिहरूको ७४ प्रतिशत भन्दा कम हो। रोजगारमा रहेका अपाङ्गता भएका व्यक्तिहरूमध्ये ६१.५ प्रतिशत स्वरोजगार छन् भने ३२.२ प्रतिशत उद्योग क्षेत्रमा कार्यरत छन्।
- अपाङ्ग सदस्य भएका परिवार र नभएका परिवारबीच सूचना तथा सञ्चार पहुँचमा असमानता देखिन्छ। अपाङ्ग परिवारमा रेडियो पहुँच ३७ प्रतिशत छ भने गैरअपाङ्गमा ३४ प्रतिशत छ। टेलिभिजनमा ४३.३ प्रतिशत र ५० प्रतिशत, स्मार्टफोनमा ६५.६ प्रतिशत र ७४

प्रतिशत, कम्प्युटर/ल्यापटपमा १०.३ प्रतिशत र १५.४ प्रतिशत, र इन्टरनेटमा ३१ प्रतिशत र ३८.४ प्रतिशत छ। यसले अपाङ्गता भएका व्यक्तिहरूलाई डिजिटल र सञ्चार माध्यममा सामाजिक रूपमा जोडिन सीमित अवसर रहेको देखाउँछ।

- स्वास्थ्य सेवा, सहायक उपकरण, पुनर्स्थापना तथा सामाजिक सुरक्षा कार्यक्रममा पहुँच प्रदेशगत रूपमा असमान रहेको छ । दुर्गम, पहाडी तथा हिमाली क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूले आधारभूत सेवा प्राप्त गर्न थप कठिनाइ भोग्नु परेको देखिन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरू रहेका घरपरिवारमा गरिबीको जोखिम तुलनात्मक रूपमा उच्च रहेको छ जसले शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरूलाई थप सीमित बनाएको छ ।

समग्रमा, राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्कले नेपालमा लैङ्गिक समानता तथा अपाङ्गतासम्बन्धी क्षेत्रमा क्रमिक सुधार देखिए तापनि सामाजिक, आर्थिक र भौगोलिक आधारमा गहिरो असमानता अझै कायम रहेको स्पष्ट पारेको छ । सार्वजनिक गरिएका यी दुई विषयगत प्रतिवेदनहरूले सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा लैङ्गिक संवेदनशील र अपाङ्गतामैत्री नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि तथ्यमा आधारित मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।)

श्री ढुण्डिराज लामिछाने
उपप्रमुख तथ्याङ्क अधिकारी तथा प्रवक्ता
मोबाइल नं.: ९८४१४१४३१२

**थप जानकारीको लागि सम्पर्कः**

श्री राजन सिलवाल, निर्देशक (जनसङ्ख्या शाखा) मोबाइल नं.: ९८४१३३४४९६
विनोदशरण आचार्य, निर्देशक (जनसङ्ख्या शाखा) मोबाइल नं.: ९८४९२८९७८७
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं
मिति २०८२ साल माघ १३ गते मङ्गलवार
E-mail: info@nsonepal.gov.np, Website: www.nsonepal.gov.np
E-mail: popcen@nsonepal.gov.np, Website: www.censusnepal.cbs.gov.np